# लोक सेवा आयोग
## काठमाडौं कार्यालय
### (परीक्षा शाखा)

अनामनगर, काठमाडौं

☎ ०१-४७७१९८२, ४७७१९८३, ४७७१९८४, वेवसाइट: www.psc.gov.np , इमेल: kathmandu@psc.gov.np

## सहायक पथ प्रदर्शक पदको
## लिखित परीक्षाको परीक्षा भवन कायम गरिएको सूचना

सूचना नं. २६४।०८१-८२, मिति २०८२।०१।१९

लोक सेवा आयोग, काठमाडौं कार्यालयको **विज्ञापन नम्बर १२०३६।०८१-८२ (महिला), नेपाल शिक्षा** सेवा, **पुरातत्व** समूह, **पुरातत्व** उपसमूह, राजपत्र अनंकित प्रथम श्रेणी (प्राविधिक), **सहायक पथ प्रदर्शक** पदमा **काठमाडौं परीक्षा केन्द्र** राखी दरखास्त स्वीकृत भएका उम्मेदवारहरूको निम्न मिति, समय र परीक्षा भवनमा लिखित परीक्षा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

साथै सहयोगी लेखक आवश्यक पर्ने उम्मेद्वारहरुले सहयोगी लेखक माग गर्नु पर्ने कारण र प्रमाणसहितका कागजातहरु संलग्न राखी लोक सेवा आयोग नियमावली, २०७९ को नियम ६८ (१) बमोजिम परीक्षा सुरु हुने मिति भन्दा १० (दश) दिन अगावै यस कार्यालयमा निवेदन दिनु पर्नेछ।परीक्षा दिने उम्मेदवारहरुले अनिवार्य रूपमा पालना गर्नुपर्ने विषयहरू द्रष्टव्य १ मा तल उल्लेख गरिएको छ।

**तपसिल:**

**परीक्षा कार्यक्रम**

| पत्र | विषय | परीक्षा प्रणाली | परीक्षा मिति र समय | अवधि |
|---|---|---|---|---|
| प्रथम | सामान्य ज्ञान र सार्वजनिक व्यवस्थापन (General Awareness & Public Management)<br>सेवा सम्बन्धित कार्य-ज्ञान (Job Based-Knowledge) | वस्तुगत (Objective) | २०८२।०१।२९ गते, दिनको १:०० बजे | ४५ मिनेट |
| द्वितीय | सेवा सम्बन्धित कार्य-ज्ञान (Job Based-Knowledge) | विषयगत (Subjective) | २०८२।०१।२९ गते, दिनको २:१५ बजे | २ घण्टा १५ मिनेट |

**लिखित परीक्षा भवन**

| क्र.सं. | उम्मेदवारहरूको रोल नं. | उम्मेदवार संख्या | लिखित परीक्षा भवन |
|---|---|---|---|
| १. | ३१०००१ देखि ३१००१३ सम्म | १३ जना | लोक सेवा आयोग, अनामनगर |

**द्रष्टव्य १:-**

१. आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुनेछैन।
२. **परीक्षामा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ।साथै वस्तुगत उत्तरपुस्तिकामा सिसाकलम प्रयोग गर्न पाइने छैन।**
३. **वस्तुगत बहुउत्तर (Multiple Choice) भएका प्रश्नको उत्तर लेख्दा अंग्रेजी ठूलो अक्षर (Capital Letter)मा A, B, C, D लेखिएको उत्तरलाई मात्र मान्यता दिइनेछ।**
४. काठमाडौं परीक्षा केन्द्र राखी दरखास्त स्वीकृत भएका बाहेक अन्यत्र परीक्षा केन्द्रका परीक्षार्थीहरूलाई परीक्षामा सामेल गराईने छैन।
५. परीक्षा भवनमा झोला, मोवाइल फोन, स्मार्ट वाच र अन्य इलेक्ट्रोनिक डिभाइसहरु लैजान निषेध गरिएको छ।वस्तुगत परीक्षामा क्याल्कुलेटर प्रयोग गर्न पाइने छैन।
६. **परीक्षामा प्रवेश-पत्र सँगै आफ्नो नागरिकता वा नेपाल सरकारबाट जारी भएको फोटो समेतको कुनै परिचयपत्र अनिवार्य रूपमा लिई आउनुपर्नेछ।**
७. सक्रमणजन्य रोगका कारण उम्मेदवारले आफ्नो प्रयोजनका लागि मास्क, स्यानिटाइजर तथा पिउने पानीको व्यवस्था आफै गर्नु पर्नेछ।
८. थप जानकारीको लागि कार्यालयको टेलिफोन नं. ०१-४७७१९८२ वा मोवाइल नं. ९८४३३७५२२३ मा सम्पर्क गर्न सकिने छ।

| | | |
|---|---|---|
| (पुष्पराज खनाल)<br>शाखा अधिकृत | (लक्ष्मीप्रसाद पराजुली)<br>शाखा अधिकृत | (विष्णु पौडेल)<br>उपसचिव |